# राप्ती सोनारी गाउँपालिका
# गाउ कार्यपालिकाको कार्यालय
## अगैया, बाँके

**औषधी आपूर्ति सम्बन्धि बोलपत्र आव्हानको सूचना**
(प्रथम पटक प्रकाशित)

मिति : २०७६।०७।२१ गते

**यस कार्यालयले नागरिक राष्टिय दैनिक पत्रिकामा मिति २०७६।०७।१९ गते औषधी आपूर्ति सम्बन्धि बोलपत्र आव्हानको सूचना प्रकासित गरेकोमा अन्यथा भै फरक परेको हुदा उक्त सूचना रद्ध गरि सोही बोलपत्रको प्रयोजनार्थ पून : यो सूचना प्रकासित गरिएको छ ।**

यस कार्यालयको लागि आवश्यक औषधी सिलबन्दी बोलपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

यो सुचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र इच्छुक कम्पनी/फर्म,सप्लायर्सहरुले चालु आ.ब.२०७६।०७७ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र औषधी आपूर्ति गर्ने ईजाजत पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी सर्बजनिक खरिद ऐन २०६३ एवं सार्बजनिक खरीद नियमावली २०६४ बमोजिम आ.ब. २०७६।०७७ को लागि अत्याबश्यक औषधि खरीद गर्ने प्रयोजन सम्बन्धी सिलबन्दी बोलपत्रको माध्यमबाट आपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा संस्थाहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सर्बजनिक खरीद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np/egp मा बोलपत्र पेश गर्नहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/ २०७६/०७७ | औषधि खरिद | ३,०००।०० | ७५,०००।- | |

**क. ठेक्का सम्बन्धि शर्तहरु :-**

१.माथि उल्लेखित ठेक्काको लागि सूचना प्रकासित भएको मिति देखि Website मा तोकिएको मिति र सयसम्ममा सार्बजनिक खरिद अनुगमन कार्यलयको www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम Download गरी तोकिएको समयावधि भित्र पेसगर्नु पर्ने छ ।

२.सर्बजनिक खरीद अनुगमन कार्यलयको Website मा तोकीएको मिति समय भित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अध्याअबधिक रहेको ब्यवसाय दर्ता प्रमार्णपत्र, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र , स्थायी लेखा दर्ता प्रमाण पत्र , आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको ,प्रतिलिपिहरु बोलपत्र खरीद दस्तुर वपत लाग्ने रकम रु ३०००।- यस कार्यालयको शम्सेरगञ्ज स्थीत हिमालयन बैक लिमीटेडमा रहेको संचित कोष खाता नं.०५२०७५४०५१००११ मा जम्मा गरेको भौचर तथा बेलपत्रमा पेश गर्नु पर्ने भनि उल्लेख गरीएका सम्पूर्ण कागजातहरुका प्रतिलिपी Scanning थरी तोकिएको ढाँचामा Upload गर्नु पर्ने छ । बोलपत्र खरिद गर्ने रसिद , भौचर तथा बैक जमानीपत्र यो सूचना प्रकासित भएको मिति भन्दा पछिको लागी मात्र मान्यता दिईने छ । बोलपत्र खरीद दस्तुर बापत लाग्ने रकम फिर्ता हुने छैन ।

३.उपरोक्त ठेक्काको लागी सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र विधुतिय बोलपत्र खरिद गरि ३१ औं दिनको १२:०० बजे भित्र रित पुर्वक विधुतिय बोलपत्र बुझाउनु पर्ने छ । प्राप्त बोलपत्रहरु सोहि दिनको २:०० बजे राप्ती सोनारी गाउँपलिकाको कार्यालयमा खोलिने छ ।

४.सिलबन्दी बोलपत्र जमानत रकम यस कार्यलयको शम्शेरगञ्ज स्थित हिमालयन बैक लि.मा रहेको धरौटी खाता नं.०५२०७५४०५१००१४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैक जमानत बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्ने छ ।

५.बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६.बोलपत्र स्वीकृत भएपछि कबोल अंकको ५% ले हुने रकम बरावरको कार्यसम्पादन जमानत गाउँ कार्यपालिका कार्यालय बाँकेको हिमालयन बैंक लि. राप्तीसोनारी शाखाको खाता नं.०५२०७५४०५१००१४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको,२०७७ श्रावण मसान्त सम्म अवधि भएको कार्य सम्पादन जमानी पत्र पेश गर्नु पर्ने छ ।

७.बोलपत्र खरिद गर्ने तथा पेश गर्ने कार्य विधुतीय खरिदप्रणाली ( E- Bidding ) मार्फत मात्र गर्न सकीने छ ।

८.यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरीएका ठेक्का सम्बन्धी अन्य शर्तहरुको प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुने छ ।

९.आपुर्ति भएका औषधिहरु **"निशुल्क वितरणको लागि"** भन्ने छाप अनिवार्य लागेको हुनुपर्ने छ । साथै औषधिहरु सम्झौता भएको मितिले ३० दिन भित्र एक मुष्ठ सप्लाई गरी सक्नु पर्ने छ ।

१०.औषधि आपुर्ती कर्ताले आफु कालो सूचिमा नपरेको स्व घोषणा पत्र पेश गर्नु पर्ने छ ।

११.औषधी खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधीहरु प्लाटीक बोतलमा भएको हुनु पर्ने छ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

१२.बोलपत्र दाताले सिलबन्दी बोलपत्र पेश गर्दा औषधिको सिलबन्दी नमूना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१३.कार्यालयको आवश्यकता अनुसार बोलपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ ।

१४.यस सुचनामा नपरेका कुराहरु बोलपत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुने छन ।

१५.उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्विकृत पश्चात गरीने सम्झौता अनुसार हुने छ ।

१६.यो सूचनामा केहि संसोधन भएमा उक्त संसोधन यस कार्यलयको सूचना पाटी तथा Website www.raptisonarimun.gov.np मा समेत हेर्न सकीने छ र सोहि बमोजिम हुने छ ।

१७. कुनै कारण जनाइ वा नजनाइ कुनै वा सम्पुर्ण वोलपत्र आंसिक वा पूर्णरुपमा रद गर्ने वा स्वीकृत गर्ने सम्पुण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

विस्तृत जानकारीको लागी यस कार्यालयको Website www.raptisonarimun.gov.np मा समेत हेर्न सकीने छ ।

प्रमुख प्रशासकिय अधिकृत